


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १५ गते बिहीबार ❑ 30 Dec. 2021 ❑ पृष्ठ ६ ❑ मूल्य रु. २।-

## माओवादी बन्दसत्रमा समूहगत छलफलको निष्कर्ष पेश

**रासस**
**काठमाडौं, १४ पुस**

नेकपा (माओवादी केन्द्र) को पुस ११ गतेदेखि राजधानीमा जारी आठौँ राष्ट्रिय महाधिवेशनको चौथो दिन बुधबार पनि बन्दसत्र जारी रह्यो । बुधबार अपरान्ह १ बजे अध्यक्ष मण्डलका सदस्य गिरिराजमणि पोखरेलले बन्दसत्र सञ्चालनसम्बन्धी आचारसंहिता सुनाउनु भएपछि बन्दसत्रको कार्यक्रम अगाडि बढेको थियो ।

बन्दसत्रको पहिलो दिन सोमबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बाट प्रस्तुत '२१औं शताब्दीमा समाजवादको नेपाली बाटो' शीर्षकको वैचारिक तथा राजनीतिक दस्तावेज र स्थायी कमिटी सदस्य देवप्रसाद गुरुङबाट प्रस्तुत विधान मस्यौदामाथि भएको समूहगत छलफलको निष्कर्ष प्रस्तुति बुधबार अपराह्न सवा १ बजेदेखि बन्दसत्रमा सुरु भएको प्रचारप्रसार समितिले जनाएको छ ।

राजनीति दस्तावेज र विधान मस्यौदामाथि छलफल गर्न प्रतिनिधिलाई २५ वटा समूहमा विभाजित गरेर मङ्गलबार बिहानदेखि बुधबार बिहान १२ सम्मको समय छुट्याइएको थियो । समूहगत छलफलको निष्कर्ष प्रस्तुत गर्ने क्रममा सल्लाहकार समूहको तर्फबाट रामनारायण बिडारी, प्रदेश नं २ बाट सत्यनारायण भगत, आयोगको तर्फबाट टङ्क राई, गण्डकी प्रदेशबाट गायत्री गुरुङ, प्रदेश नं १ बाट अजम्बर काम्वाङ राई र हर्कबहादुर नेम्बाङ, प्रवास समन्वय समितिबाट मनऋषि धिताल, बागमती प्रदेशबाट सरल सहयात्री, केन्द्रीय विभागबाट गीता पनेरु, सुदूरपश्चिम प्रदेशबाट मिनबहादुर कुँवर र कर्णाली प्रदेशबाट विमला केसीले समूहको निष्कर्ष प्रस्तुत गर्नुभयो ।

आठौं राष्ट्रिय महाधिवेशनको पाँचौं दिन पुस १५ गते बिहीबार बिहान ११ बजेदेखि बन्दसत्र सञ्चालन हुनेछ । बाँकी रहेका समूहले बन्दसत्रमा समूहगत छलफलको निष्कर्ष प्रस्तुत गर्नेछन् ।

## वर्षा र हिमपातका मुलुकभर चिसो बढ्यो: जनजीवन कष्टकर

**रासस**
**काठमाडौं, १४ पुस**



मुलुकभर मौसम बदली भई अधिकांश ठाउँमा पानी परेको छ । पानी परेसँगै देशका उच्च पहाडी र हिमाली भेगमा मङ्गलबार रातिदेखि हिमपात भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

काठमाडौं उपत्यकामा पनि रातिदेखि नै पानी परेको छ भने उपत्यका आसपासका डाँडाहरूमा हिमपात भएको छ । विभिन्न स्थानमा हिमपातले जनजीवन कष्टकर बनेको छ । ठाउँठाउँमा सडक अवरुद्ध समेत भएका हुँदा स्थानीयवासी तथा यात्रुहरू मर्कामा परेका हुन् । अहिले देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्का वर्षा र उच्च हिमाली तथा पहाडी भेगमा हिमपात भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले आगामी २४ घण्टाका लागि चेतावती तथा परामर्श जारी गर्दै देशभर चिसो बढ्ने क्रममा रहेकाले त्यसबाट बच्न आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । मौसमी प्रणालीका कारण पर्वतारोहण, हवाई/यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकाले चिसोबाट बच्न र हिमपातबाट हुनसक्ने प्रभावबाट जोगिन आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

महाशाखाको पछिल्लो विवरणमा काठमाडौँको तापक्रम न्यूनतम तीन दशमलव छ र अधिकतम तापक्रम १५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

## मुख्यमन्त्री पोखरेलद्वारा तमु ल्होसारको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बहुधार्मिक, बहुभाषिक, बहुजातीय र बहुसाँस्कृतिक विविधतायुक्त हाम्रो मुलुकको सबैभन्दा सुन्दर पक्ष सर्वस्वीकार्य र सहअस्तित्व रहेको बताएका छन् ।

गुरुङ समुदायको नयाँ वर्ष एवं सबैभन्दा ठूलो पर्व तमु ल्होसारका अवसरमा बिहीबार शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले विविध समुदायले बनाउने पर्वहरुले सामाजिकसद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकताको डोरीलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छ ।

उनले यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका दाजुभाइ तथा दिदीबहिनीमासुख, शान्ति, समृद्धि, सुस्वास्थ्यको कामना गरेका छन् । नेपालको संविधान २०७२ को महत्वपूर्ण उपलब्धि लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता रहेको भन्दै मुख्यमन्त्री पोखरेलले गुरुङ समुदायले परम्परादेखि पुस १५ का दिन मनाउँदै आएको यस पर्व नेपाली सांस्कृतिक परम्पराका लागि उदाहरणीय रहेको उल्लेख गरेका छन् । गुरुङ समुदायको परम्परागत पात्रो अनुसार पुस १५ गते अर्थात् ल्सोसार नयाँ वर्षको दिन हो । यस दिनमा आफन्त, कुलकुटुम्बसँग भेटघाटका साथै भोजभतेर खुवाउने तथा शुभकामना आदान प्रदान गर्ने चलन छ । नेपालमा गुरुङ समुदायले धेरै पहिलादेखि संस्कृति र परम्पराको संरक्षण गर्दै आएको छ । उनले भनेका छन्, 'यस पर्वले अझै उक्त समुदायको मौलिक परम्परा र सांस्कृतिक महत्वको पक्षलाई उजागर गर्ने छ ।सबै नेपालीबीच आपसी प्रेम, वन्धुत्व र एकताको भावना बढाएर शान्त अनि समृद्ध नेपाल निर्माण गर्न सबैमा प्रेरणा प्रदान गर्नेछ भन्ने कामना गर्दछु ।' तमु ल्होसारका दिन पुस १५ गते गण्डकी प्रदेश सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

## कांग्रेसको बहुमत हुनुपर्छ : पूर्वमन्त्री भण्डारी

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ पुस**

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले तीनै तहको निर्वाचनमा कांग्रेसले बहुमत ल्याउने गरी काम गर्नुपर्ने बताउनुभएको छ ।

नेता भण्डारीले बुधबार बन्दिपुर गाउँपालिकाको नाहालामा कार्यकर्तासँगको भेटघाट कार्यक्रममा कांग्रेसका नेता तथा कार्यकर्ता आजैदेखि निर्वाचनको तयारीमा जुट्ने हो भने बहुमत ल्याउन कुनै पनि असम्भव नभएको बताउनुभयो ।

सोही अवसरमा विभिन्न पार्टी परित्याग गरी १४ जना नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेका छन् । नवप्रवेशीलाई केन्द्रीय सदस्य भण्डारीले टीका तथा सदस्यता प्रदान गरेर स्वागत गर्नुभएको थियो ।

## कोरोना बिरुद्धको खोप पाउनु भएको छैन ? नपाए अब पोखरा सडक महोत्सवमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ पुस**



के तपाईँले हालसम्म कोरोना बिरुद्धको खोप विभिन्न कारणले गर्दा लगाउन छुट्नु भएको छ ? त्यसो भए अब तपाईँहरुलाई सम्भव भए पोखरामा हुने सडक महोत्सवमा भने निशुल्क कोरोना बिरुद्धको खोप उपलब्ध गराइने भएको छ ।

यही पुष १५ र १६ गते गरी दुई दिन महोत्सवमा आगन्तुक स्वदेशी तथा विदेशी पाहुनाहरुलाई २३ औं संस्करणको पोखरा सडक महोत्सवको अवसरमा उक्त खोप उपलब्ध गराउने भएको रेवान पोखराले बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो ।

उक्त महोत्सवको प्रबर्द्धन सहित आम पर्यटकहरुको स्वास्थ्यलाई समेत मध्यनजर गरी आफुहरुले स्थानिय प्रशासन सहित स्वास्थ्य कार्यालयको सहयोगमा दुई दिन निशुल्क कोरोना बिरुद्धको जोनसोन एण्ड जोनसोन कम्पनीको भ्याक्सिन लगाइने तयारी गरिएको महोत्सव संयोजक युवा व्यवसायी नरेशबहादुर भट्टराईले बताए । उक्त महोत्सवको पहिलो र दोश्रो दिनमा महोत्सवमा अवलोकनका लागि जाने स्वदेशी तथा विदेशी पर्यटकहरुलाई उनीहरुको परिचय पत्रको आधारमा रेवानको संयोजनमा निःशुल्क कोरोना बिरुद्धको खोप उपलब्ध गराइने भएको उनले जनाए ।

अ म्फ म ट , गौरीघाट, महोत्सवको मुख्य स्थल कोमागानो पार्क लगायतको क्षेत्रबाट उक्त सेवा दिइने भएको उनले जनाए । यसपटक हेल्थ प्रोटोकललाई विषेश ध्यानमा राख्दै विभिन्न स्थानमा हेल्थ डेक्स राखिने बताएका संयोजक भट्टराईले लेकसाइडका विभिन्न स्थानबाट एम्बुलेन्स सेवा समेत संचालन गरिने भएको छ । रेवान पोखराको आयोजनामा पुष १७ गतेसम्म चल्ने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको संयोजक भट्टराईले बताए । कोरोनाले बढी प्रभावित भएको पर्यटन व्यावसायलाई पोखरा सडक महोत्सवले थोरै भए पनि प्रबर्द्धन हुने भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताए । सडक महोत्सवले लेकसाइडको मात्र नभई समग्र पोखराकै पर्यटन प्रबर्द्धनमा सहयोग पुग्ने उनले दाबी गरे । रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले विहीबार दिउँसो १ बजे कोमागाने पार्कमा झाकी, विभिन्न बाजा गाँजा सहित महोत्सवको उद्घाटन गरिने उनले बताए । ३ दिनसम्म चल्ने महोत्सव स्थलमा ३० भन्दा बढी हस्तकला, कोमागाने पार्क प्रवेशका लागि दिउँसो ५० रुपैयाँको तथा राति एक सय रुपैयाँको टिकट लाग्ने रेवान पोखराका सचिव विकास भट्टराईले जनाए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी प्रतियोगिता, झाँकि प्रदर्शन, रात्रिकालिन कन्सर्ट, डुङ्गा दौड, ह्वीलचियर दौड, वेटर रेस लगायतका विभिन्न खेल गतिविधि समेत हुने भएको उनले जनाए ।

संस्कृति, खाना र म्यूजिकको समेत महोत्सवले प्रर्बद्धन गरेकोले सडकमै खाऔं सडकमै रमाऔं भन्दै उक्त महोत्सवलाई अगेंजी नयाँ बर्षको अवसरमा हरेक बर्ष निरन्तर रुपमा आयोजना गर्दै आएको अध्यक्ष बरालले जनाए । पोखराको सडक क्षेत्र यति वेला दुलही झै सिंगारिएको रेवान पोखराका पूर्व अध्यक्ष चौबहादुर गुरुङले बताए । पोखराको सडक क्षेत्र यतिवेला धोजा पोतकाले सजिएको उनले जनाए ।

## २२० संक्रमित थपिए

**रासस**
**काठमाडौं, १४ पुस**

पछिल्लो २४ घण्टामा थप २२० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा संगीता कौशल मिश्रले सात हजार ६०८ जनामा कोरोना परीक्षण गर्दा २२० जनामा नयाँ संक्रमण पुष्टि भएको जानकारी दिनुभयो ।

योसँगै सक्रिय संक्रमित संख्या नेपालमा चार हजार ८६४ पुगेको छ । संक्रमण दर ३.२ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो । पछिल्लो समय थप २५३ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको संख्या आठ लाख ११ हजार ५१८ पुगेको छ ।

काठमाडौँ उपत्यकाभित्र भक्तपुरमा १३ जना, ललितपुरमा १८ र काठमाडौँमा ९२ जना संक्रमण भएका छन् । उहाँका अनुसार होम आइसोलेशनमा चार हजार ६०८, संस्थागत आइसोलेशनमा २५६, आइसियुमा ८७ र भेन्टिलेटरमा २१ जनाको उपचार हुँदैछ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट बुधबार थप दुई जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५९० पुगेको छ । त्यसैगरी पछिल्लो समय दुई लाख दुई हजार ६८७ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

## तमु ल्होसारमा गण्डकीमा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ पुस**

गण्डकी प्रदेश सरकारले तमु ल्होसार पर्वको अवसरमा सार्वजनिक बिदा दिने घोषणा गरेको छ ।

तमुहरुको उद्गम थलो मानिने गण्डकी प्रदेशलाई गण्डकी प्रदेश सरकारले यही पुष १५ गते विहिबार सार्वजनिक बिदा दिने घोषणा गरेको हो ।

गण्डकी प्रदेशका सबै सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थानहरुमा २०७८ सालको तमु ल्होसार (पुष १५ गते) को अवसरमा सार्वजनिक बिदा दिने प्रदेश सरकारलको मन्त्रीपरिषदले २०७७ चैत १७ गते निर्णय गरेकोले सम्बन्धित सवैमा जानकारीको लागि प्रदेश सरकारले सार्वजनिक सूचना जारी गरेको हो ।

प्रदेश सरकारलाई त्यस्ता विशेष अवसरमा वर्षको ६ दिन दिन पाउने व्यवस्था सुरुवात ल्होसारबाट गरिएको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बताए । प्रदेश सरकारले बहु जातजाति, बहु भाषा, बहु संस्कृतिको सम्मान र संरक्षण गर्दै आएको उनले जनाए । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव नेत्र प्रसाद पौडेलद्धारा बुधबार जारी गरिएको सूचनामा उक्त कुरा उल्लेख गरिएको छ ।



# मनाङको जनजीवन कष्टकार

रासस
मनाङ, १४ पुस



मनाङको माथिल्लो भेगमा पुस ११ गतेदेखि हल्का हिमपात सुरु भएपछि जनजीवन कष्टकार बन्दै आएको छ।

हिमपात पर्न थालेपछि केही स्थानीयवासी जिल्ला बाहिरा हिँडेका छन्। मनाङको माथिल्लो भेग थोराङ्ला, तिलिचो बेस क्याम्प र नारफुलगायतका ठाउँमा ११ गते देखिनै हिमपात सुरु भए पनि तल्लो भेग चामे सदरमुकाम आसपासमा भने १२ गतेबाट हिमपात सुरु भएको हो।

“अहिले जिल्लाको सदरमुकामलगायत तल्लो भेगमासमेत बाक्लो हिमपात भइरहेको छ। मानिस हिँडडुल गर्न कठिन भएको छ। सवारी आवगमनसमेत ठप्प भएको छ। अझै तीन दिन हिमपात हुने मौसम पूर्वानुमान शाखाको अनुमान छ। जिल्लाको माथिल्लो भेगमा अहिले दुई फिटसम्म हिउँ जमेको छ। “पर्यटकलगायत सर्वसाधरणलाई हिमपातको समयमा सतर्क हुन अनुरोध गरिरहेका छौ”, प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले भन्नुभयो। स्थानीयवासीका अनुसार बाक्लो हिमपातले अत्यधिक चिसो बढाएको छ। माथिल्लो मनाङ गाउँका छिरिङ लोप्साङ गुरुङले छिनछिनको हिमपातका कारण चिसो बढेको बताउनुभयो। उहाँका अनुसार स्थानीय साथै चक्रिय अन्नपूर्ण पदमार्ग घुम्न आएका पर्यटक हिमपातका कारण प्रभावित भएका छन्। उहाँले माथिल्लो मनाङमा शुक्रबार साँझदेखि छिनछिनमा हिउँ परिरहेको बताउनुभयो। चिसोका कारण स्थानीयवासी आगो तापेर घरभित्रै बस्न बाध्य भएका छन्। यस अघि मङ्सिर तेस्रो साता माथिल्लो मनाङ र नार्पाभूमिमा हिमपात भएकोमा केही दिनयता चामे आसपासका क्षेत्रमा पनि हिमपात हुन थालेको छ।

हिमपातका कारण अत्यधिक चिसो बढेकाले प्रहरीलाई नियमित गस्तीका लागि पठाउनसमेत समस्या भएको प्रहरी नायब उपरीक्षक सुवास खड्काले बताउनुभयो। सशस्त्र प्रहरी प्रहरी नायब उपरीक्षक अर्जुन पौडेलले हिमपातका कारण अधिकांश सडक अवरुद्ध भएकाले आवतजावत गर्न असजिलो भइरहेको बताउनुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप मनाङका प्रमुख लेखनाथ गौतमका अनुसार माथिल्लो क्षेत्र साथै सदरमुकाम चामे आसपासमा निरन्तर बाक्लो हिमपात भइरहेकाले अत्याधिक चिसो बढेको बताउनुभयो।

उहँकाअनुसार विदेशी पर्यटकलाई सुरक्षित रहन र मौसममा सुधार नआएसम्म तिलिचो र थोरङ्लालगायत अन्य जोखिम क्षेत्रमा नजान अनुरोध गरिएको छ। गत एक हप्तमा जिल्लामा ३१ विदेशी पर्यटक भित्रिए पनि हाल २० जना जिल्लाभित्र रहेका छन् भने तीमध्ये ११ जनाले थोराङ्लापास गरी मुस्ताङ पुगेको अन्नपूर्ण संरक्षण क्षेत्र मनाङले जनाएको छ।

# रोटरीको सहयोग संस्कृत माविमा

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस



पोखरा महानगरपालिका वडा नं १ बगर स्थित संस्कृत माध्यमिक बिद्यालयको भौतिक विकासको लागि रोटरीले सहयोग गरेको छ।

एक देखी कक्षा १२ सम्म पढाइ हुने विद्यालयको मुल भबनको छतमा चार कोठे ढलान निर्माण सहयोगका लागि रोटरी क्लब अफ पोखराको सयोजनमा गरिएको हो। आर आइ डिष्ट्रक ३२ ९२ बाट स्वीकृतभएको योजना अनुसार स्वीकृत अनुदान रकम रु ३०,००,०००/ मध्य मंगलवार पहिलो किस्ता रकम रु बाह्र लाख विद्यालयका प्रधानाध्यापक गोविन्दप्रसाद सिग्स्देललाइ प्रदान गरियो। डिजिइ जितेन्द्र वहादुर राजभण्डारी, ए आर सी पिडिजी संजय गिरी, ए आर आर आर एफ सि पिडिजी किरणलाल श्रेष्ठ र जोन १८ का एजि माधवप्रसाद सिग्देलको उपस्थितिमा सो रकम प्रदान गरिएको हो। रोटरी क्लव अफ पोखराका उपसभापति कपिल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक जितेन्द्र सिग्देल र रोटरी क्लव अफ पोखराका पूर्व अध्यक्ष ज्ञानेन्द्रप्रसाद सिग्देल लगायत वोलेको कार्यक्रममा सचिव भुपाल जंग कुँवरले संचालन गरेका थिए।

# मौसममा क्रमिक सुधार हुने

रासस
काठमाडौं, १४ पुस

पश्चिमी वायुको प्रभावले बुधबार देशको अधिकांश भूभागमा वर्षा तथा उच्च पहाडी एवम् हिमाली भूभागमा हिमपात भइरहेको छ।

यो क्रम बुधबार रातिसम्म कायम रहने जल तथा मौसम विज्ञान विभागका मौसमविद् गङ्गा नगरकोटीले बताउनुभयो। “सो प्रणाली बिहीबारदेखि क्रमिकरुपमा कमजोर बन्दै जाने देखिएको छ”, उहाँले भन्नुभयो। हाल देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्का वर्षा भइरहेको छ भने उच्च पहाडी तथा हिमाली भू-भागमा हल्का हिमपात भइरहेको छ। राति देशभर सामान्यदेखि पूर्णतया बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। देशको उच्च पहाडी तथा हिमाली भू-भागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपातको समेत सम्भावना रहेको बताइएको छ। विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै देशभर सामान्यदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र देशको उच्च पहाडी तथा हिमाली भू-भागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेकाले यो मौसमी प्रणालीका कारण पर्वतारोहण, हवाई/यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकाले चिसोबाट बच्न र हिमपातबाट हुनसक्ने प्रभावबाट जोगिन आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बुधबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव सात डिग्री र अधिकतम तापक्रम १५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ। त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस शून्य दशमलव चार डिग्री र सबैभन्दा धेरै भैरहवाको अधिकतम तापक्रम २८ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ।

# पोखरा सहित गण्डकी प्रदेशमा शुक्रबारसम्म पानी पर्ने सम्भावना

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस

पोखरा सहित देशका अधिकाशं ठाउँमा पश्चिमी न्यून चापीय प्रणालीको प्रभावको कारण हल्का बर्षा भएको छ।

मंगलबार बेलुकादेखि हल्का सुरु भएको बर्षा आगामी शुक्रबारसम्म पोखरा, गण्डकी प्रदेश सहित देशका केही भागमा हल्का बर्षा हुने सम्भावना रहेको मौसम विभाग फिल्ड कार्यालय पोखराकी मेजर अब्जवर भुमा गुरुङले बताइन्। उनका अनुसार हाल देश भरका अधिकांश ठाँउमा हल्का बर्षा उच्च पहाडी तथा हिमाली भूभागका केही ठाँउमा भने हल्का हिउ परेको छ। गण्डकी प्रदेशको राजधानी पोखरामा बुधबार ६.५ मिलिमिटर पानी परेको मेजर अब्जवर गुरुङले बताइन्। विहीबारसम्म देशका अधिकांश ठाउँमा हल्का बर्षा हुने सम्भावना रहेको हुदा उच्च सर्तकता अपनाउन विज्ञहरुले सुझाव दिएका छन्। बुधबार बिहानैदेखि वर्षासंगै चिसो भएको महशुस गरिएको छ भने पोखरामा बिहान १२ डिग्रि सियल्सियस तापक्रम रहेको थियो।

यस बर्षको हिउदको समयमा पहिलो पटक परेको पानीको कारण हवाई उडान, केही ठाँउमा यातायात सेवा प्रभावित भएको छ। बुधबार देखि पोखरा क्षेत्रमा समेत पानी परेकोले बजारमा चहल पहल कम देखिएको छ भने केही ठाँउमा आगो ताप्दै बसेको देखिएको छ।

# सत्र दिनदेखि बेपत्ता बालक मृत फेला

पोखरापत्र संवाददाता
पर्वत, १४ पुस

विगत १७ दिनदेखि बेपत्ता भएको एक बालक मृत अवस्थामा फेला परेका छन्।

गत मङ्सिर २४ गते घरबाट गोरु चराउन घरबाट निस्किएका पर्वतको मोदी गाउँपालिका-६ तिलाहारका १२ वर्षीय सन्देश लामिछाने मङ्गलबार साँझ मृत भेटिएका हुन्। पर्वतका प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीका अनुसार मङ्सिर २४ गते दिउँसो घरबाट गोरु फुकाएर चराउन निस्किएका बालक सोही दिन बेलुका गोरु फर्किएको र उनी नफर्किएपछि गाउँलेहरूले खोजी सुरु गरेका थिए।

फेला नपरेपछि डिमुवा प्रहरी कार्यालयमा २७ मङ्सिरमा खबर गरेका थिए। प्रहरी नायब उपरीक्षक बुढाथोकीका अनुसार सुस्त मनस्थिति र बोलीमा समस्या भएका कारण उनको उद्धार समयमा हुन नसकेको हो।

# कास्केली टेबल टेनिस खेलाडी दाङमा भिड्दै

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस

दाङको तुलसीपुरमा सञ्चालन हुने खुमबहादुर खड्का स्मृति राष्ट्रिय टेवल टेनिस प्रतियोगितामा सहभागी हुन कास्कीका खेलाडी दाङतर्फ लागेका छन्।

कास्कीबाट सहभागी हुने खेलाडी तथा व्यवस्थापकलाई बुधबारै बिदाइ गरिएको छ।

कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँले खेलाडीलाई सफलताको शुभकामना दिँदै कास्कीको गौरव बढाउन आग्रह गरे। टेवुलटेनिस संघका अध्यक्ष उत्तम जोशीले कास्की जिल्लाको शिर उच्च पारेर फर्किन प्रयास गर्न निवेदन गरे। पुस १६ गतेदेखि १८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा कास्कीबाट दीपकराज गिरि, सुलभ केसी, अंकिता गुरुङ र अनिशा गौतम सहभागी हुँदै छन्। उनीहरुको व्यवस्थापनका लागि संघका सदस्य कृष्ण रानाभाट र राहुल सुनार पनि साथसाथमै दाङ पुग्दैछन्।

गतवर्ष चैतमा हुने भनिएको प्रतियोगिता कोरोना महामारीका कारण रोकिएको थियो। प्रतियोगितामा बिजेताले ५ लाख ४३ हजार रुपैया जित्ने छन्। नेपालमै सबैभन्दा ठूलो धनराशीको उक्त प्रतियोगितामा तीन वटा विभागीय टोली र २५ जिल्लाका खेलाडीको सहभागिता रहने जनाइएको छ। तीन दिनसम्म चल्ने प्रतियोगिता सम्पन्न गर्न १७ लाख बढी लागत लाग्ने र प्रतियोगितामा भाग लिने खेलाडीहरुलाई खान/बस्नको व्यवस्था आयोजकले नै गरेको छ। युथस अफ तुलसीपुरको आयोजना तथा दाङ जिल्ला टेबल टेनिस संघको प्राविधिक सहयोगमा प्रतियोगिता हुन लागेको प्रतियोगिता तुलसीपुर उपमहानगरपालिका-६ को टेबल टेनिस कर्भड हलमा हुने भएको हो।

# रेग्मीलाई निलम्बन गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

रासस
काठमाडौं, १४ पुस

सर्वोच्च अदालतले नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीलाई निलम्बनको गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ।

न्यायाधीश दीपककुमार कार्कीको एकल इजलासले बुधबार रेग्मीलाई बोर्डको प्रमुख कार्यकारी अधिकृतबाट निलम्बन गर्ने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको हो। अदालतले दुवै पक्षलाई छलफलका लागि आगामी माघ ३ गते बोलाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेको अध्यक्षतामा बसेको यही पुस २ गते बसेको पर्यटन बोर्ड सञ्चालक समितिको बैठकले रेग्मीलाई निलम्बन गर्ने निर्णय गरेको थियो। मन्त्रालयको उक्त निर्णय विरुद्ध रेग्मीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। सोही रिट निवेदनमाथिको प्रारम्भिक सुनुवाइपछि अदालतको उक्त दिएको हो।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्र्पक राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सम्पर्क:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान:
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# ल्होसारको शुभकामना

नेपालमा बसोवास गर्ने विभिन्न जातजातिले नयाँ बर्ष मनाउने आ-आफ्नै प्रचलन छ । पुस १५ गतेलाई गुरुङ जातिले नयाँ वर्षको रुपमा मनाउने गर्दछन् । नयाँ वर्षलाई ल्होसारको रुपमा मनाउने गरिन्छ । विभिन्न धर्म, जातजातिले आफ्नो धर्म, संस्कति र प्रचलन अनुरुप नयाँ वर्ष मनाउने प्रचलनले नेपालको छुट्टै पहिचान दिने गरेको छ । तमु जातिले परापूर्व कालदेखि पुस १५ लाई वर्ग फेरिने दिनको रुपमा लिएका छन् । वर्ग फेरिने दिन नै नयाँ वर्षको रुपमा धुमधामसंग मनाउँदै आएका छन् । ल्वों (गाई) वर्गलाई विदाइ गरि तो (बाघ) वर्गलाई स्वागत गरिएको छ । देशका विभिन्न ठाउँमा मात्र होइन संसारका विभिन्न ठाउँमा रहेका गुरुङहरुले भव्यताका साथ मनाउने गर्दछन्

एशिया महादिपका केहि मुलुकहरुमा नयाँ वर्ष ल्हो पद्धतिमा प्रचलित छ । ल्हो १२ वटा हुन्छन । विभिन्न १२ वटा पशुपंक्षीहरुको नामबाट १२ वटा ल्हो (वर्ग) को नाम रहेको छ । ल्हो वर्गलाई १२ वटा पशुपंक्षिको आधारमा वर्गिकरण गरिएको छ । च्यु (मुसा), लोङ (गाई/गोरु), तो (बाघ), ह्यिव (बिरालो/खरायो), मुप्री/प्हु (गरुड), प्हि/सप्रि (सर्प), त(घोडा), ल्हु (भेडा), प्र (बाँदर), च्ह्य (चरा), खि (कुकुर) र फो (मृग) वर्ग छन । ल्होसार मान्नु नै आफ्नो सांस्कतिक परम्परालाई मान्यता दिई समाजलाई व्यवस्थित गर्नु हो । ल्होसार मनाउने नेपाल मात्र नभई तिब्बत, चिन, भुटान र मंगोलिया आदि देशहरु छन् । चिनियाँ ज्योतिष शास्त्र र चाइनिज पात्रो अनुसार ल्होसार मनाउने गरिन्छ । ल्होसारलाई तोला, सोनाम, ग्याल्वो तीन थरीले मनाउने गर्दछन् । पौष कृष्ण पक्षको प्रतिपदा दिनदेखि अर्थात पुस १५ देखि तोला ल्होसार मनाउने गरिन्छ । नेपालमा गुरुङले महान् चाडको रुपमा मनाउने ल्होसार तोला भनिन्छ । माघ शुक्ल पक्षको प्रतिपदा देखि तामाङ, थकाली, हेल्मो, शेर्पा आदि जातिले मनाउँदछन । सोनाम ल्होसार मनाउनेको संख्या बढी छ । त्यस्तै ग्याल्वो ल्होसार नेपालमा रहेका तिब्बतीहरुले फाल्गुण कृष्णपक्षको प्रतिपदाको दिनदेखि मनाउने गर्दछन् । वर्गलाई ल्हो र फेरिनेकर्मलाई सार (क्षार) भनिन्छ । तमु जातिले मनाउने नयाँ बर्ष (ल्होसार) प्रकृतिसंग पनि सम्बन्धित छ । पुस १५ लाई सबै भन्दा लामो रातको रुपमा लिने गरिन्छ । पुस १५ पछि दिन लम्बिने गर्दछ । सूर्य पृथ्वीको उत्तरी दिशाबाट दक्षिण पुगी उत्तर फर्कन्छ । दिन छोटो र रात लामो हुने दिन पुस १५ भएको हुंदा प्रकृति नियमसंग सम्बन्ध छ । तमुहरुले सूर्यलाई मानेको हुँदा पुस १५ को ल्होसार को आफनै महत्व रहेको छ ।

संघीय सरकारले तमु ल्होसार पुस १५ गते देशभरि र विदेश स्थित नियोगहरुमा सार्वजनिक विदा दिने निर्णय गरेको छ । गण्डकी प्रदेश सरकारले पनि सार्वजनिक विदा दिने निर्णय अघिल्ला वर्षदेखि गर्दै आएको थियो । नेपालमा ल्होसार कहिलेदेखि मनाउन थालियो भन्ने यकिन नभए पनि परापूर्वकालदेखि मनाउँदै आएका छन् । गण्डकी प्रदेश गुरुङ जातिको ऐतिहासिक थाकथलोको रुपमा चिनिन्छ । गुरुङ जातिको उल्लेख्य बसोबास भएको हुँदा यस प्रदेशले ल्होसारलाई विशेष भव्य रुपमा मनाउने गरिएको छ । प्रदेश सरकारले ल्होसारको महत्व बुझेर विदा दिने निर्णय गर्नु स्वागतयोग्य काम हो । नेपाल संघीयतामा गएको अनुभूति गर्ने मौका पनि प्रदेशमा बसोबास गर्ने मुख्य जातिको चार्ड पर्वलाई विशेष रुपले मनाउनु हो । सबै जाति र धर्मको चाड पर्व उत्तिकै महत्वपूर्ण छन् । तमुजातिले बन्धुहरुवीच शुभकामना आदानप्रदान, मान्यजनबाट आशिर्वाद लिने, चेलीवेटीलाई खुवाउने, आपसी सम्बन्ध बलियो बनाउने काममा ल्होसारलाई लिने गरिन्छ । विदेशमा रहेका गुरुङ जातिले आफ्नो संस्कृतिको जगेर्ना गर्न ल्होसार पर्व भव्य रुपले मनाउने गरेका छन् । देशमा विभिन्न स्थानमा पनि समारोह हुँदै छन् ।

नेपालको संविधान २०७२ ले धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको छ । बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक मुलुक भएको हुँदा सबैले मनाउने चाडपर्वलाई राष्ट्रिय मान्यता दिएको छ । सबै धर्मालम्वी भाषाभाषीको सँस्कृतिलाई एकआपसमा शुभकामना आदानप्रदान गरेमा सद्भाव कायम हुन्छ । समाजमा सद्भाव बिगार्न खोज्नेहरुलाई सबैले तिरस्कार गर्दै सामाजिक एकता कायम गर्न अगुवाहरु नै सकृय हुनु पर्दछ । जातिय सद्भाव र मेलमिलाप कायम राख्न र सबै जातजातिको पर्व सबैले शुभकामना साटासाट गर्न ल्वोङ वर्गले सबैलाई सद्बुद्धि देओस् भनि हामी देश विदेशमा रहनुभएका सम्पूर्णलाई शुभकामना दिन्छौ । विगतमा जस्तो धुमधनमसंग मनाउने गरिएको छ । कोरोना संक्रमण कायमै रहेको र नयाँ भेरियन्ट ओमीक्रोन फैलिरहेको अवस्थामा भिडभाड गर्नु उचित हुदैन । स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरेर मनाए मात्रै संक्रमणबाट जोगिन सकिन्छ । ल्होसारले सबैलाई एकताको मालामा जोडिन सकोस् हार्दिक शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शत्रुको भय |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मन चञ्चल | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीका सञ्चारकर्मीको स्वास्थ्य बीमा

पोखरापत्र संवाददाता
बेनी, १४ पुस

म्याग्दी मिडिया सोसाइटीले जिल्लाका १० सञ्चारकर्मीको सामूहिक स्वास्थ्य बीमा गरिदिएको छ । संस्थामा आवद्ध उनीहरूको एक वर्षको लागि स्वास्थ्य बीमा गरिएको हो ।

बीमाका लागि लाग्ने जनही नगद रु तीन हजार ५०० शुल्क तिरेर बीमा गरिएको संस्थाका सचिव अमित विश्वकर्माले जानकारी दिनुभयो । बुधबार बेनी अस्पताल परिसरमा आयोजित कार्यक्रममा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा जीतेन्द्र कँडेल, स्वास्थ्य बीमा बोर्ड म्याग्दीका कार्यालय प्रमुख उपेन्द्र बराल, व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवाल र सोसाइटीका अध्यक्ष कमल खत्रीले स्वास्थ्य बीमाको परिचयपत्र प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा दुई जनाले पहिलो पटक स्वास्थ्य बीमा गर्नुभएको हो भने ८ जनाको बीमा नवीकरण गरिएको थियो । संस्थाले विगत तीन वर्षदेखि संस्थामा आवद्ध पत्रकार र उनीहरूका घरपरिवारकोसमेत स्वास्थ्य उपचारमा सघाउन सामूहिक स्वास्थ्य बीमालाई निरन्तरता दिएको अध्यक्ष खत्रीले जानकारी दिनुभयो । "सरकारले ल्याएको स्वास्थ्य बीमाबाट न्यून र मध्ययम आय भएका व्यक्तिको स्वास्थ्य उपचारमा निकै ठूलो राहत मिलेको छ, पत्रकार र उनीहरूका परिवारका सदस्य बिरामी पर्दा हुने खर्चलाई बचत गर्न र आर्थिक क्षति कम गर्न संस्थामा आवद्ध पत्रकारलाई सामूहिक स्वास्थ्य बीमा गर्न थालिएको हो, आगामी वर्षमासमेत यसलाई निरन्तरता दिने हाम्रो योजना छ", उहाँले भन्नुभयो ।

अस्पतालका डा कँडेलले बीमाको कारण अस्पतालमा उपचारको लागि आउने बिरामीको सङ्ख्या बढेको र सोसाइटीले सामूहिक रुपमा गरेको बीमाले यसको महत्वलाई थप व्यापक बनाउन सहयोग पुग्ने बताउनुभयो । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले बीमा गराउँदा नै बीमितले पाउने सुविधाबारे स्पष्ट पार्न आग्रह गर्नुभयो । बोर्ड प्रमुख बरालले जिल्लामा स्वास्थ्य बीमाको प्रचारप्रसारमा सञ्चारकर्मीले रचनात्मक भूमिका खेलेको बताउनुभयो । हालसम्म नौ हजार ५४ घरधुरीका २४ हजार ६२३ बीमामा आवद्ध भएको उहाँले जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा स्वास्थ्य बीमा दर्ता सहजकर्ता चण्डीका पौडेलले बीमितले अस्पतालबाट प्राप्त गर्नुपर्ने औषधि नपाउने, पोखरा लगायतका अस्पताल जाँदा रेफरमा ढिलाइ हुने, अस्पतालका स्वास्थ्यकर्मीबाट दोहोरो व्यवहार हुने, बिदाको दिनमा सेवा नपाउने गुनासा आएको जनाउँदै ध्यानकर्षण गराउनुभएको थियो ।

पाँचजना सम्मको परिवारलाई रु तीन हजार ५०० शुल्क तिरेर स्वास्थ्य बीमा गरेपछि प्रतिपरिवारले वार्षिक रु एक लाख बराबरको निःशुल्क स्वास्थ्य उपचार सेवा प्राप्त गर्नसक्ने प्रावधान रहेको छ । सोसाइटीले पत्रकार र पत्रकारका घरपरिवारलाई आपतविपत् पर्दा सघाउनका लागि रु दुई लाख पाँच हजार राशिको अक्षयकोष समेत स्थापना गरेको छ ।

# बङ्गुरपालनमा रमाउँदैः मनग्य कमाउँदै

–सानेबहादुर नेपाली
तनहुँ, १४ पुस

व्यास नगरपालिका-५ चापाघाटको सिर्दीस्थित बङ्गुर फार्ममा अहिले ४० बङ्गुर छन् । योसँगै फार्म सुङ्गुर र बँदेल गरी पाँच छन् ।

तनहुँका झलकबहादुर आलेको सो फार्ममा अहिले रु १५ लाख मूल्य बराबरका बङ्गुर, सुगुर रहेका छन् । व्यास नगरपालिका-५ चापाघाटस्थित सिर्दीमा रु २२ लाखमा दश रोपनी जग्गा किनेर बङ्गुरपालन व्यवसाय सुरु गर्नुभएका आलले मासु र पाठापाठी बेचेर दैनिक रु ४० हजारदेखि एक लाख लाखसम्मको कारोवार गर्छ । 'फार्म'मा लगानी बढेर अहिले करिब एक करोड पुगेको अनुमान उहाँको छ । ऋषिङ गाउँपालिका-५ राम्जाकोटबाट विसं २०६० मा दमौली झर्नुभएका आलेले सुरुमा मासु व्यवसाय गर्नुभयो ।

विसं २०७० मा मासु व्यवसायसँगै उहाँले बङ्गुरपालन सुरु गर्नुभयो । 'फार्म'मा आलेको परिवारबाहेक अन्य दुई जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । उहाँले निर्माण गरेका नौ वटा खोरमा बङ्गुर ४०, सुङ्गुर र बँदेल पाँच गरी कूल ४५ वटा रहेका छन् । उहाँले दमौलीमै मासु पसल लाइनमा तीन वटा मासु पसल खोल्नुभएका छ ।

बङ्गुर काटेर आफू र अन्य मासु व्यवसायीलाईसमेत होलसेलमा बिक्री गर्दै आउनुभएको छ । मासु पसल र बङ्गुरपालन व्यवसायबाट आलेले व्यास-३ देउराली नगरमा तीन तले पक्की घर निर्माण गर्नुभएको छ । बङ्गुर र राँगो पाल्नका लागि दुईजना कर्मचारीको व्यवस्थापन गरिएको र उनीहरूलाई खाना बस्न दिएर मासिक रु बीस हजार तलब दिइरहेको आलेले बताउनुभयो । "एक महिना पुगेका पाठापाठीलाई पाँच हजार पर्छ, मासुको बजार मूल्य भने अहिले प्रतिकेजी रु ४०० छ", उहाँले भन्नुभयो । एउटै बङ्गुरले १७ वटासम्म पाठापाठी जन्माउँदछन् । थोरैमा पनि पाँच/छ वटा जन्मन्छन् । एकसाथ धेरै माउ ब्याउँदा खोर भरिभराउ हुन्छ । तीन महिना २१ दिनमा बङ्गुर ब्याउँछ । मासु भन्दा पाठापाठी बेच्दा बढी फाइदा उठने गरेको उहाँको भनाइ छ । "मासिक त्यस्तै १२/१५ लाखसम्म आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "अहिलेसम्म सबै लगानीमै गएको छ, खर्च पनि उस्तै छ ।" लगानी थप्दै गएपछि पछि मुनाफा बढ्ने उहाँको विश्वास छ । अहिले भएको खोर अपुग देखिएकाले थप्ने योजना छ । बङ्गुरको दाना, कामदार व्यवस्थापन र ढुवानीमा बढी खर्च छ । ठूलो लगानीमा बङ्गुरपालन सुरु गरे पनि सरकारी क्षेत्रबाट कुनै सहयोग नपाएको उहाँको गुनासो छ । उक्त क्षेत्रमा रहेका ३६ वटा मासु व्यवसायीमध्ये बङ्गुरपालन गरी बङ्गुरको धेरै मासु बिक्री गर्ने आले नै हुनुहुन्छ । अधिकांश मासु पसलमा उहाँले नै बङ्गुर, सङ्गुरको मासु पठाउने गरेको छ ।

उहाँका अनुसार बँदेलको मासु प्रतिकिलो रु ६००, सुङ्गुर रु पाँच सय र बङ्गुर/राँगो रु चार सयमा बिक्री गर्ने गरेको उहाँकी श्रीमती कृष्णमायाले बताउनुभयो । "मासु पसलमा तीनजना जनशक्ति राखेर ग्राहकलाई सेवा प्रदान गर्दै आएका छौं", उहाँले भन्नुभयो, "कोभिडको समयमा मासुको व्यपार कमी भए पनि अहिले पुरानै अनुपातमा मासु बिक्री हुन थालेको छ ।" पछिल्लो समय मासु र पाठापाठीको माग बढेपछि बङ्गुरपालन व्यवसाय फस्टाएको छ । राम्रो कमाइका लागि किसान बङ्गुरपालनमा आकर्षित छन् । कम समयमै राम्रो प्रतिफल आउने हुँदा बङ्गुरपालन बढेको जिल्लास्थित भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जनाएको छ ।

# बन्दीपुरमा अङ्ग्रेजी नयाँ वर्षमा खाना महोत्सव

पोखरापत्र संवाददाता
दमौली, १४ पुस

अङ्ग्रेजी नयाँ वर्षको अवसरमा तनहुँका विभिन्न ठाउँमा साङ्गीतिक कार्यक्रम हुने भएको छ । बन्दीपुर र दमौलीमा अङ्ग्रेजी नयाँ वर्षको अवसरमा खाना महोत्सवका साथै साङ्गीतिक कार्यक्रम हुन लागेको हो ।

पर्यटकीय नगरी बन्दीपुरमा दुई दिने सडक खाना महोत्सव आयोजना गरिएको छ । बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ र उद्योग वाणिज्य सङ्घको संयुक्त आयोजनामा यही पुस १६ र १८ गते खाना महोत्सव गर्न लागिएको बन्दीपुर पर्यटन विकास समितिका सचिव वसन्त पौडेलले जानकारी दिनुभयो । महोत्सवमा बन्दीपुर बजार क्षेत्रको खुला आकाशमुनि स्थानीय खानाका परिकारको कक्ष रहनेछ । महोत्सवले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको क्षेत्रीय होटल सङ्घ बन्दीपुरका अध्यक्ष विपीन प्रधानले बताउनुभयो । "महोत्सवले बन्दीपुर आउने पर्यटक बढाउने अपेक्षा राखिएको छ, दुई दिने महोत्सवमा मात्र कम्तीमा सात हजार पर्यटक भित्र्याउने लक्ष्य छ", उहाँले भन्नुभयो ।

कोभिड-१९ को मारमा परेका होटल व्यवसायीलाई सडक खाना महोत्सवले केही राहत पुग्ने आशा गरिएको होटल व्यवसायी वैश गुरुङले बताउनुभयो । "कोभिड त्रासका कारण बन्दीपुरको पर्यटन व्यवसाय प्रभावित बन्दै आएको छ, अहिले सबैले खोप लगाइसकेका कारण नयाँ वर्षमा बन्दीपुरमा आन्तरिक पर्यटक बढी भित्रिनेमा आशावादी छौं", गुरुङले भन्नुभयो । नयाँ वर्षकै अवसरमा लायन्स क्लब अफ तनहुँ दमौलीले पुस १६ गते साङ्गीतिक कार्यक्रम गर्न लागेको छ ।क्लबकै सक्रियतामा स्थापना गरिएको कपडा बैंकलाई दिगो बनाउन रकम सङ्कलन गर्ने उद्देश्यसहित कार्यक्रम गर्न लागिएको क्लबका अध्यक्ष राजु रानाले बताउनुभयो । नयाँ वर्ष मनाउन पोखरा वा अन्यत्र जानुपर्ने बाध्यताको अन्त्यका लागि दमौलीमै कार्यक्रम गर्न लागिएको उहाँले बताउनुभयो । क्लबका सदस्यबाट सङ्कलन गरिएको रु चार लाखको लगानीमा गत वर्ष कपडा बैंक स्थापना गरिएको थियो । हाल कपडा बैंकमा कपडा अभाव भएकाले विपन्न समुदायलाई कपडा वितरण गर्न समस्या परेको छ । "कपडा बैंकलाई दीर्घकालीनरुपमा सञ्चालन गर्न रकम अभाव भएकाले साङ्गितिक कार्यक्रममार्फत रकम सङ्कलन गर्ने योजना बनाएका हौं", उहाँले भन्नुभयो । 'हुनेले दान गर्नुहोस्, नहुनेले ढुक्क साथ लैजानुहोस्' भन्ने मूल मन्त्रसहित स्थापना गरिएको बैंकका लागि जिल्ला समन्वय समितिले ठाउँ उपलब्ध गराएको छ । कपडा बैंकमा प्रयोग गर्न मिल्ने कपडा, सिरक, डसना, तन्ना, जुत्तालगायत राखिएको छ । नयाँ वर्षकै अवसरमा व्यास नगरपालिका-१ स्थित नवयुवा क्लवले हाइस्कूलटारमा सांस्कृतिक मेला आयोजना गर्दैछ । पुस १५ गतेदेखि सुरु हुने मेला १७ गतेसम्म सञ्चालन हुनेछ । मेलामा ख्यातिप्राप्त कलाकारको प्रस्तुती, विद्यालयस्तरीय नृत्य प्रतियोगिता, रमाइलो मेला, स्थानीय उत्पादनको बिक्री तथा प्रदर्शनी, वडास्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष सनम तामाङले जानकारी दिनुभयो ।

# म्याग्दीमा धान उत्पादन घट्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १४ पुस

म्याग्दीमा यस वर्ष प्रमुख खाद्यबाली धानको उत्पादनमा कमी आएको छ । गत वर्षको तुलनामा यो वर्ष धान उत्पादनमा शून्य दशमलव ८९ प्रतिशतले कमी आएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

क्षेत्रफल घटेको र भित्र्याउने समयमा वर्षात्ले पुऱ्याएको क्षतिले उत्पादनमा असर पुगेको केन्द्रका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो । गत वर्ष तीन हजार ८९० हेक्टर क्षेत्रफलमा खेती हुँदा १३ हजार ४८० मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष तीन हजार ८८५ हेक्टरमा धानखेती भएको थियो । १३ हजार ३६० मेट्रिक टन उत्पादन भएको कृषि प्रसार अधिकृत पाण्डेले बताउनुभयो । वैशाख-जेठ महिनादेखिनै वर्षा भएकाले कृषकले समयमै धान रोपाइँ गर्न पाएका थिए । नियमित वर्षा भएकाले सिँचाइ सहज भएको थियो । रोगकिराको समस्या नदेखिए पनि कात्तिकको पहिलो साता भएको वर्षात्ले भित्र्याउन समस्या र २०० हेक्टरमा बोट ढलाएर क्षति गरेको थियो । म्याग्दीमा गौरी, जेठो बुडो, जर्नेली, पहेँले, मार्सी, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण ३, खुमल ४, खुमल १०, लुम्ले २ लगायतका उन्नत जातका धान खेती हुने गर्छ । लेकाली क्षेत्रका कृषकले भिरालो जमिनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धान खेती हुन्छ ।

अनुकूल मौसमका कारण मकै उत्पादन भने बढेको छ । यस वर्ष नौ हजार ४३५ हेक्टर क्षेत्रफलमा मकैखेती भएको थियो । गत वर्ष ३२ हजार २०० मेट्रिक टन मकै उत्पादन भएकोमा यसपालि ३२ हजार २१० मेट्रिक टन उत्पादन भएको छ । मकै म्याग्दीमा सबैभन्दा धेरै खेती हुने खाद्यबाली हो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः १९९३/१२/२० गते

स्व. सुवा गुरुङ

स्वर्गारोहणः २०७८/०९/१० गते

यस शुभकामना महिला बिकास केन्द्रका निवर्तमान अध्यक्ष कौशिला गुरुङज्यूको ममतामयी माता स्व.सुवा गुरुङ को ८५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज ५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुमिता श्रेष्ठ
अध्यक्ष तथा
**शुभकामना महिला बिकास केन्द्र परिवार**

# हिमपातले मध्यपहाडी मार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ पुस**

मङ्गलबार रातिदेखि परेको वर्षा र हिमपातका कारण मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड अवरुद्ध भएको छ। लोकमार्गको बुर्तिबाङ-पातिहाल्ने खण्ड अवरुद्ध भएको हो।

जिल्लाको निसीखोला गाउँपालिका-६ सिपमा दुई फिट भन्दा धेरै हिमपात भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सडक अवरुद्ध हुँदा पूर्वी रुकुमबाट बागलुङ र बागलुङदेखि पूर्वी रुकुमका लागि छुटेका सवारीसाधन सडकमै अलपत्र परेका छन्। हिउँ जमेकाले सडक पूर्ण रुपमा अवरुद्ध भएको प्रहरी नायब उपरीक्षक इकबाल हवारीले जानकारी दिनुभयो। भारी हिमपातले मानवीय क्षति नभएको उहाँले बताउनुभयो।


# धितो लिलाम बिक्री गर्ने १५ दिने अत्यन्त जरुरी सूचना।

(दोस्रो पटक प्रकाशित मिति २०७८/०९/१५ गते)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अर्न्तगत लिएको कर्जा तथा सोको साँवा, ब्याज र हर्जना समेत यस संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा बुझाउनु पर्नेमा सो नबुझाएको हुँदा कर्जा भुक्तानी सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई कर्जा तथा सहकारी सुविधा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले मिति २०७८/०७/१३ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नका लागि ३५ दिने सूचना, मिति २०७८/०८/२१ गते धितो लिलाम बिक्री गर्ने २१ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी यस संस्थाको लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न यो दोस्रो तथा अन्तिम पटक १५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। अत:उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्धारा खरिद गरी लिन ईच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफुले कबोल गरेको रकम सहित गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफ ५७, सहकारी ऐन २०७४, करार ऐ २०५६, गण्डकी प्रदेश सहकारी ऐन २०७५, निमावली २०७६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाईने छैन्। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरुको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असूल उपर गरी लिने व्यहोरा सूचित गरिन्छ।

१. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : धनबहादुर गुरुङ
पिता: लालबहादुर गुरुङ
बाजे : मोति
ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं.: १२४९/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: धनबहादुर गुरुङ



जमानि कर्ताको नाम र ठेगाना:
नाम: बिलबहादुर गुरुङ
पिता: धनबहादुर गुरुङ
बाजे : लालबहादुर गुरुङ
ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं. : ८४८२७/स्याङ्जा



| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | दार्सिङ दहथुम | ०४<br>०४<br>०४<br>०४<br>०४ | ५३<br>११७<br>१७८<br>२३९<br>६९८ | ०.११.३.१<br>५.२.०.१<br>३.१३.०.३<br>०.१४.१.३<br>२०.१५.०.३ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |

२. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : गुमाकुमारी अर्याल
पति: चार नारायण भन्ने च्याम नारायण अर्याल
बाजे : चोलाकान्त
ठेगाना: सातु पसल-४ घर भै पुतलीबजार-१३
ना.प्र.नं.: २४७६/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: गुमाकुमारी अर्याल



जमानी कर्ताको नाम र ठेगाना:
नाम: हेमराज गौतम
पिता: गंगाप्रसाद गौतम
बाजे : मोतिलाल गौतम
ठेगाना:पुतलीबजार १० हाल पुतलीबजार-१३
ना.प्र.नं. : ७००४५/स्याङ्जा
नाम : चार नारायण भन्ने च्याम नारायण अर्याल
पिता: चोलाकान्त
ठेगाना : सातुपसल-४ हाल पुतलीबजार न.पा-१३ यवादी



| सि. नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | सातुपसल | ०४<br>०४<br>०४<br>०४<br>०४<br>०४ | २३७<br>२८६<br>२८९<br>२९१<br>२९४<br>५१४<br>५१८<br>५१९<br>२८३<br>२३९<br>१९३<br>२५६<br>२९२<br>४६७<br>५१२<br>५२६ | ०.१३.०.१<br>०.१४.०.०<br>०.९.२.१<br>०.१.३.१<br>३.३.१.०<br>०.८.०.०<br>०.८.३.१<br>०.२.३.१<br>१.५.१.२<br>०.२.१.२<br>०.६.३.०<br>२.०.२.१<br>४.३.२.२<br>०.४.३.२<br>३.०.३.३<br>१.१५.३.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |

३. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम: चित्रबहादुर कार्की
पिता: तिलबहादुर कार्की
बाजे: हिमन्त
ठेगाना: फेदीखोला-१, घर भै हाल फेदीखोला-२
ना.प्र.न.: ३८२/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: चित्रहादुर कार्की



जमानी कर्ताको नाम र ठेगाना:
नाम: अनिल कार्की
पिता: चित्रबहादुर कार्की
बाजे: तिलबहादुर कार्की
ठेगाना: फेदीखोला-१ घर भै हाल फेदीखोला-२
ना.प्र.न.: ४२१०६१/९५२८७/स्याङ्जा
जमानी कर्ताको नाम र ठेगाना:
नाम: प्रेमनारायण अर्याल
पिता: नरभुपाल अर्याल
बाजे: खडानन्द अर्याल
ठेगाना: खिलुङ देउराली-९, हालभीरकोट-७
ना.प्र.नं.: ६५१४/स्याङ्जा



| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | फेदीखोला | ०१ | २६५५ | ०.७.१.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सोको लिग लगापता समेत |
| | | पुतलीबजार | ०९ | ४३६७ | ०.२.०.० | " " " |

**श्री कालिका बचत तथा ऋण सहकारी संस्था लि.**
**भीरकोट नगरपालिका-१, स्याङ्जा**
**फेन नं. ०६३- ६२०१७०, १९७**


# वैकल्पिक सडक सञ्चालन

**रासस**
**म्याग्दी, १४ पुस**

म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने वैकल्पिक सडक सञ्चालन भएको छ। जोखिमयुक्त बादिकाको उकालोमा नयाँ वैकल्पिक सडक निर्माण गर्न पूर्वाधार विकास कार्यालय, स्थानीय प्रशासन, सुरक्षा निकाय र धवलागिरि गाउँपालिकाले मङ्गलबारदेखि दरबाङ-धारापानी-ताकमहुँदै मुना जोड्ने सडकमा अनिश्चितकालका लागि सवारी आवतजावत बन्द गरेका छन्।

सडक निर्माणलाई सहज बनाउन बादिकामा बन्द गरिए पनि आवतजावतलाई सुरक्षित र नियमत बनाउन दरबाङ-खारा-भारबाङ-ताकम-मुना बैकल्पिक सडक सञ्चालन गरिएको गाउँपालिकाका इञ्जिनीयर सोबिन जिसीले जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकाका र निर्माण कम्पनीले भरबाङस्थित म्याग्दी खोलामा सात वटा ह्युम पाइप राखेर सवारीसाधन आवतजावत गर्ने व्यवस्था मिलाएका छन्। झारवाङ घाटमा पूर्वाधार विकास कार्यालयले पक्की पुल पनि निर्माण गरिरहेको छ।

विसं २०७५ मा मार्ग खोलिए पनि दरबाङ-बिम-ताकम-मुना सडकमापर्ने म्याग्दी नदीमा मोटरेबल पुल नहुँदा यातायातका साधन सञ्चालन हुन सकेको थिएन्। बर्खा अघिनै म्याग्दी नदीमा मोटरेबल पुल निर्माण सकेर सडक सञ्चालन गर्ने गाउँपालिकाको योजना छ। पूर्वाधार विकास कार्यालय म्याग्दीसँग २०७६ चैत ४ गते रु १४ करोड ३८ लाख ६७ हजार १७६ मा ठेक्का सम्झौता गरेको धुलिखेल-ब्राइट-कुवर जेभीले बादिकाको उकालोमा वैकल्पिक सडक निर्माण गरिरहेको छ।

यसअघि मार्ग खोल्न बनाइएको सडक धेरै उकालो र ग्रेड नमिलेकाले जोखिमयुक्त भएको हुँदा दुई वटा घुम्ती थपेर करिब ४०० मिटर नयाँ मार्ग निर्माण गर्न लागिएको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले बताउनुभयो। आगामी चैत ४ गतेसम्म ठेक्का अवधि भएको आयोजना अन्तर्गत सडक फराकिलो बनाउने, ग्रेड तथा घुम्ती सुधार र पर्खाल निर्माण भइरहेको छ। दरवाङको म्याग्दी खोला मोटरेबल पुलदेखि दङखोलासम्मको खण्डमा विस्तार र पर्खालको काम सकेर नाली बनाइरहेको छ। दरबाङदेखि धारापानी गाउँसम्मको सात किलोमिटर सडक स्तरोन्नति हुन लागेको हो। दरवाङ-दाङखोला-ताकम-मुना-ढोरपाटन सडक आयोजनालाई गण्डकी प्रदेश सरकारले (क) वर्गमा राखेको छ। सबै स्थानीय तहका केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गर्ने प्रदेश सरकारको घोषणा अनुसार यो आयोजना सञ्चालन भएको हो।

पहिलो चरणमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको धारापानी सम्मको सडक स्तरोन्नतिको हालसम्मको प्रगति ३६ प्रतिशत छ। स्तरोन्नति गरेर सडकलाई ८ मिटर फराकिलो बनाइने भएको छ। ग्राबेल गरिने सडकको ग्रेड र घुम्ती मिलाउनुका साथै ग्याबिन, मेसिनरी पर्खाल निर्माण र केही ठाउँमा ढलान गर्ने लक्ष्य छ।

# 'गलकोट खेलकुद तथा सांस्कृतिक महोत्सव' बिहीबारदेखि

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ पुस**

'गलकोट खेलकुद तथा सांस्कृतिक महोत्सव' बिहीबारदेखि सुरु हुँदैछ। गलकोट नगरपालिका-६ मजुवा फाँटमा आयोजित महोत्सव आउँदो २६ गतेसम्म चल्नेछ। महोत्सवको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गर्ने आयोजक 'ड्रिम टिम गलकोट'ले जनाएको छ।

महोत्सवको सबै तयारी पूरा भएको आयोजक संस्थाका अध्यक्ष रुपक पाण्डेले बताउनुभयो। महोत्सवमा खुला भलिबल प्रतियोगिता, फुटसल, गलकोट डान्स आइडल-२०७८, भ्वाइस अफ गलकोट, रत्यौली, माछा छोप्ने (हत्केला खेल्ने), दौड, ब्याडमिन्टन, टेबुलटेनिसलगायत प्रतियोगिता राखिएको छ।

महोत्सवमा कृषि उपज, पुरातात्विक वस्तु, झाँकी, मौलिक कला, संस्कृतिको प्रदर्शन, रमाइलो मेला, बाल उद्यान र साङ्गीतिक कार्यक्रम पनि हुने अध्यक्ष पाण्डेले जानकारी दिनुभयो। लाइभ दोहोरी र कन्सर्टको पनि आयोजना गरिएको छ। "कला, खेल, संस्कृतिको जगेर्नाका साथै व्यापार प्रवर्द्धनको उद्देश्य राखेर महोत्सव आयोजना गरिएको हो", अध्यक्ष पाण्डेले भन्नुभयो। कोरोना सङ्क्रमण मत्थर भएको र दुई वर्षदेखि गलकोटमा खेल, कला र मनोरञ्जनका गतिविधि नभएकाले महोत्सव सफल हुने आयोजकको विश्वास छ। महोत्सवमा विभिन्न विधाका कलाकारको साङ्गीतिक प्रस्तुती पनि रहने जनाइएको छ। गायक प्रमोद खरेल, विष्णु खत्री, प्रकाश सपुतलगायत कलाकार महोत्सवमा आउँदैछन्। यसअघि पनि गलकोट उद्योग वाणिज्य सङ्घ, गलकोट घुम्टे पर्यटन विकास केन्द्रलगायत सङ्घसंस्थाले गलकोटमा मेला, महोत्सवको आयोजना गर्दै आएका थिए। कोरोना महामारीका कारण दुई वर्षदेखि त्यस्ता कार्यक्रम रोकिन पुगेका थिए। अहिले कोरोना सङ्क्रमण दर न्यून रहेको र कोरोना विरुद्ध खोपको पहुँच पनि बढ्दै गएकाले सार्वजनिक समारोह, मेला तथा महोत्सव हुन थालेका हुन्।

महोत्सवको मुख्य आकर्षणका रुपमा भलिबल प्रतियोगितालाई लिइएको छ। खुला पुरुष भलिबल प्रतियोगिताको पुरस्कार राशि पनि ठूलो छ।

# कास्की जिल्ला क्रिकेट संघको सूचना

**नेपाल क्रिकेट संघको विधान २०५५ को दोस्रो संशोधन २०७४ परिक्षेद ९ को २३ को ३ (क) (ख) (ग) (घ) बमोजिम योग्यता पुगेका व्यक्ति वा क्लबहरुलाई यहि पौष २९ गतेसम्म सदस्यता नविकरण तथा नयाँ सदस्यको लागि दरखास्त दिन सूचित गरिन्छ। साथै संघको चौधौं साधारण सभा तथा तेस्रो अधिवेसन पोखरामा हुने संघको कार्य समितिको यहि मिति २०७८ पुस ८ गते बसेको बैठकले निर्णय गरे बमोजिम सूचित गरिन्छ।**

**सदस्यता फारम यस संघको facebook पेज कास्की क्रिकेटबाट डाउनलोड गरी विवरण सहित यस संघको ओम डे. बैंक खाता नं. ००२०१३०००६३१८९००००01 मा रकम जम्मा गरी भौचर सहित संघको रङ्गशाला स्थित कार्यालयमा बुझाउनु हुन अनुरोध छ।**

**नेपाल क्रिकेट संघको विधान २०५५ को दोस्रो संशोधन २०७४**
**परिच्छेद ९**
**सदस्यता**
**(२३) संघको सदस्यता :**

(१) सदस्यता सम्बन्धी विनियमावली तथा यो संशोधित विधानको व्यवस्थाको अधिनमा रही सदस्यता हासिल गर्न योग्य व्यक्ति तथा क्लबलाई जिल्ला क्रिकेट संघको सदस्यता प्रदान गर्न सकिनेछ। संघको सदस्यता निम्न प्रकारका हुनेछः
(क) मानार्थ सदस्य
(ख) साधारण सदस्य
(२) केन्द्रीय कार्य समितिले तल तोकिएका कुनै एउटा योग्यता पुरा गर्ने व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछः
(क) क्रिकेट खेलमा धेरै लामो समयदेखि सेवा पुऱ्याउदै आएका व्यक्ति वा संस्था,
(ख) क्रिकेट खेलका लागि प्रायोजक वा स्वयंसेवकको रुपमा विशिष्ठ योगदान पुऱ्याएका व्यक्ति,
(ग) मानार्थ सदस्यता कुनै स्वदेशी तथा विदेशीलाई प्रदान गर्न सकिने छ।
(घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन।
(ङ) अन्तराष्ट्रिय क्रिकेट जगतमा राष्ट्रिय खेललाई सम्मानजनक स्थान दिलाउँन योगदान पुऱ्याउने खेलाडी वा प्रशिक्षक वा निर्णायक वा स्कोरर।
(३) **जिल्ला कार्य समितिले देहाय बमोजिम योग्यता पुगेका व्यक्ति वा संस्थालाई साधारण सदस्यता प्रदान गरिनेछ**:
(क) नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषदले आयोजना गरेको राष्ट्रिय स्तरको सिनीयर क्रिकेट प्रतियोगितामा कम्तीमा तीन (३) वटा प्रतियोगितामा खेलेको पूर्व सिनीयर खेलाडी (महिला र पुरुष)। उक्त तीन (३) वटा खेल एकै (१) बर्ष भित्रको नभै फरक फरक बर्षमा खेलिएको हुनु पर्नेछ। जुन जिल्लाबाट प्रतियोगितामा खेलेको हो सोही जिल्लाबाट सदस्यता लिनुपर्नेछ। यस उपधारा बमोजिम सदस्यता प्राप्त गर्ने खेलाडीले कार्य समितिको निर्वाचन हुनु भन्दा अगावैको कम्तिमा दुई वर्षको अवधिमा भएका राष्ट्रिय टोलीमा सहभागी नभएको अवस्थामा मात्र कार्य समितिको पदाधिकारी वा सदस्यको रुपमा निर्वाचित हुन सक्नेछ।
(ख) अन्तराष्ट्रिय क्रिकेट खेलमा भाग लिएको प्रमाण पेश गर्न सक्ने पूर्व सिनियर क्रिकेट खेलाडी (महिला र पुरुष)।
(ग) एसीसी, आईसीसी र संघद्धारा मान्यता प्राप्त अन्य कुनै संस्थाबाट कम्तिमा एक १) श्रेणीको क्रिकेट खेलको प्रमाणपत्र प्राप्त गरेका रेफ्रि वा निर्णायक वा स्कोरर वा प्रशिक्षक।
(घ) नेपाल क्रिकेट संघद्धारा आयोजित विगत आठ (८) वर्षमा कम्तिमा दुई (२) वटा जिल्ला स्तरीय क्रिकेट खेलमा सहभागी भएको प्रमाणको रुपमा प्रमाणित टाई सीट, प्रमाण पत्र वा स्कोर सीट पेश गर्ने दर्ता भएका वा नभएका क्लब वा टोली। दर्ता नभएका कल्ब वा टोलीले सदस्यता प्राप्त गरेको छ (६) महिना भित्र सम्बन्धित स्थानिय तहको कार्यालयमा दर्ता हुनु पर्नेछ। दर्ता हुन नसकेको अवस्थामा सदस्यता स्वतः खारेज हुनेछ।
(ङ) जिल्ला, क्षेत्रीय वा केन्द्रीय कार्य समितिमा कम्तिमा दुई कार्यकाल सम्म सेवा प्रदान गरेका व्यक्ति।
(च) साधारण सदस्यता नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ।
(४) साधारण सदस्यहरुलाई जिल्ला क्रिकेट संघको साधारण सभामा मतदान गर्ने अधिकार हुनेछ तर मानार्थ सदस्यहरुलाई मतदान गर्ने अधिकार हुनेछैन।
(५) साधारण सदस्यहरुले देहाय बमोजिमको प्रवेश शुल्क र वार्षिक सदस्यता नविकरण शुल्क तिर्नु पर्नेछः
(क) व्यक्तिगत साधारण सदस्यले प्रवेश शुल्क स्वरुप रु. ५००। (पाँच) र वार्षिक सदस्यता नविकरण शुल्कको स्वरुप रु. २५०। ( दुई सय पचास) तिर्नु पर्नेछ।
(ख) संस्थागत साधारण सदस्यले प्रवेश शुल्क स्वरुप रु. ५०००। (पाँच हजार) र वार्षिक सदस्यता नविकरण शुल्क स्वरुप रु. १०००।(एक हजार) तिर्नु पर्नेछ।
(६) साधारण सदस्यले सदस्यता प्राप्त गर्ने समयमा नै चार वर्षको अग्रीम सदस्यता शुल्क भुक्तान गर्नु पर्ने छ।
(७) विधानमा तोकिएको अवधिभित्र सदस्यता नविकरण गराउन नसकेमा साधारण सदस्यता स्वतः खारेज हुनेछ।
(८) कन्द्रीय कार्य समितिले मानार्थ सदस्यता प्रदान गर्ने अफ्नो अधिकार प्रादेशिक र जिल्ला काय समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।
(९) केन्द्रीय कार्य समितिले सदस्यता शुल्क परिवर्तन गर्न सक्नेछ।
(१०) जुन जिल्ला क्रिकेट संघमा निवेदन पेश गरि साधारण सदस्यता प्राप्त गरेको हो सोही जिल्ला क्रिकेट संघमा निजको सदस्यता कायम रहनेछ। तर प्रादेशिक क्रिकेट संघले सिफारिस गरेको अवस्थामा केन्दीय कार्य समितिले एउटा जिल्ला क्रिकेट संघबाट अर्को जिल्ला क्रिकेट संघमा सदस्यता परिवर्तन गर्नका लागि अनुमति प्रदान गर्न सक्नेछ। कुनै पनि व्यक्तिले एक भन्दा बढी जिल्लाबाट साधारण सदस्यता प्राप्त गर्न सक्नेछैन।
(२४) सदस्य हुने योग्यताः
सदस्यताको थप योग्यता देहाय बमोजिम हुनेछन् :
(क) नेपाली नागरिकता प्राप्त गरेको नेपाली नागरिक हुनु पर्ने।
(ख) मगज नविग्रीएको व्यक्ति।
(ग) नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतबाट दोषि प्रमाणित नभएको व्यक्ति।
(घ) राष्ट्रिय खेलकुद परिषदको स्वीकृत कर्मचारीको हकमा परिषदले स्वकृति प्रदान गरेको व्यक्ति,
(ङ) बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति वा आर्थिक हिनामिना वा भष्ट्राचारको मुद्दामा अदालतबाट दोषि प्रमाणित नभएको व्यक्ति,
(च) दामासाहीमा नपरेको व्यक्ति,
(छ) वर्तमान जिल्ला वा क्षेत्रिय वा केन्द्रीय संघबाट पेश्की लिएको व्यक्तिले सम्बन्धित जिल्ला कार्य समिति वा केन्द्रीय कार्य समिति लगायत तदर्थ कार्य समितिले पेश्की फछ्यौट गर्नका लागि दिएको पैतिस (३५) दिने लिखित सुचना भित्र पेश्की फछ्यौट वा हिसाव पेश गर्न नसकेको व्यक्ति वा संस्था।

नोट : संघको साधारण सभा स्थान र समय आगामी सूचनामा प्रकाशित गरिनेछ। सदस्यतामा योग्यता नपुगेको व्यक्ति वा क्लबको संघमा जम्मा रकम फिर्ता हुने छैन।